# संघीय संसद
# राष्ट्रिय सभा

दोस्रो अधिवेशन

## बैठक संख्या - २२

सूचना पत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल असार १४ गते बिहीबार

---

संघीय संसद, राष्ट्रिय सभाको दोस्रो अधिवेशनको बाइसौं (आजको दोस्रो) बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा दिनको ३:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम, सम्माननीय अध्यक्षले माननीय सदस्य खिमलाल भट्टराईलाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३२ बमोजिम नियम निलम्बनको प्रस्ताव सभा समक्ष पेश गर्न अनुमति दिनु भयो ।

त्यसपश्चात्, उक्त प्रस्तावका समर्थकहरु माननीय अनिता देवकोटा र माननीय वृषेश चन्द्र लाललाई उक्त प्रस्तावको समर्थन गर्न समय दिनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३२ बमोजिम नियमहरु ९४, ९८, ९९ र १०६ निलम्बनको प्रस्तावलाई सभा समक्ष प्रस्तुत गर्नु हुँदा सभाबाट सर्वसम्मत स्वीकृत भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री शेरबहादुर तामाङलाई "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक" सभा समक्ष पेश गर्न अनुमति दिनु भयो ।

तदन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक आजै १० मिनेट पछि बस्ने गरी आजको दोस्रो बैठक दिनको ३:४५ बजे स्थगित भएको घोषणा गर्नु भयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव